ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 4 Issue: 2, Year 2025

# 'नासो' कथामा रस विधान

गिरिराज पौडेल*
DOI: https://doi.org/10.3126/academia.v4i2.82975

* Giriraj Poudel, ORCID: https://orcid.org/0009-0007-1551-461X
*Assistant Professor, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
*Corresponding Author: grpaudel705@ gmail.com
Article History: Received: March. 2, 2025 Revised: June. 11, 2025 Received: August. 10, 2025

**लेखसार**

प्रस्तुत अध्ययन कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथासङ्ग्रहभित्र राखिएको 'नासो' कथामा रस विधानको अध्ययन विश्लेषणमा केन्द्रित छ। गुरुप्रसाद मैनालीको 'नासो' कथामा रसको प्रयोग रस सिद्धान्तका आधारमा केलाउनु यसको मूल उद्देश्य रहेको छ । पूर्वीय साहित्य सिद्धान्तमा आधारित भएर यस अध्ययनलाई भरतको रस सिद्धान्तका कोणबाट विश्लेषण गरिएको छ। कथामा प्रयुक्त भनाइको गाम्भीर्यता र रसको सङ्गठनलाई उक्ति वैचित्यका आाधारमा अध्ययनको केन्दविन्दु बनाइएको छ। नेपाली ग्रामीण समाजका निम्न वर्गीय मानिसहरुको जीवन भोगाइलाई देवीरमण, शुभद्रा र लक्ष्मीका माध्यमबाट दैखाउँदै सामाजिक यथार्थवादलाई अभिव्यक्त गरिएको छ। यस कथामा प्रमुख रुपमा करुण र गौण प्रयोका रुपमा रौद्र रसको प्रयोगको अवस्थाको विश्लेषण गरिएको छ। यो लेख गुणात्मक अध्ययनमा आधारित छ। पुस्तकालयीय कार्यबाट सामग्रीको अध्ययन विश्लेषण गरिएको यस लेखमा विशेष गरी 'नासो' कथामा रस विधानको पहिचानलाई मूल आधार बनाइएको छ । समग्रमा यस अध्ययनमा 'नासो' कथामा रस विधानका दृष्टिकोणले करुण र रौद्र रसको प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने निष्कर्ष निकालिएको छ।

*मुख्य शव्दावली* : वैचित्य, सिद्धान्त, शिल्प, विधातात्विक, विभाव, रौद्र, शृङ्गारिक, सहृदय

## परिचय

कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथा सर्वप्रथम १९९२ मा काठमाणौंबाट प्रकाशित हुने शारदा पत्रिकाको असार अकमा प्रकाशित कथा हो। प्रस्तुत कथाको प्रकाशन सगैं उनी नेपाली कथा साहित्यमा आधुनिक कालको प्रारम्भ कर्ताको रुपमा मानिन्छन् । त्यस्तै उनी प्रथम आधुनिक कथाकारका रुपमा पनि चिनिएका छन् । वि.सं. २०२० सालमा एघारओटा कथाको सगालोका रुपमा नासो संग्रह प्रकाशित भएको पाइन्छ। यस संग्रहभित्र संग्रहित प्रमुख कथाहरु मध्ये 'नासो' पनि एक हो। नेपाली कथा साहित्यमा आधुनिकताको शुरुवात गरी ऐतिहासिक योगदान दिने उनी प्रथम आधुनिक कथाकार हुन् । उनका कथाले नेपाली समाजका ग्रामीण जनजीवनका सुखदुःख, माया प्रिति, इज्जत प्रतिष्ठा, आदिलाई कारुणिक रुपमा चित्रण गरेको पाइन्छ। उनका कथामा संरचनात्मक परिपुष्टता पनि पाइन्छ। आधुनिक कथा तत्व र कथा शिल्पको प्रयोग गरी कथा लेखेको पाइन्छ। सामाजिक सन्दर्भ र कलात्मक मूल्यका दृष्टिले यिनका कथाहरुले नेपाली साहित्यको विकासमा नौलो आयाम थपेका छन् । प्रस्तुत लेखमा नासो कथाको रस विधानको अध्ययन गरिएको छ।

'नासो' कथा यथार्थवादी शैलीमा लेखिएको सामाजिक यथार्थवादी कथा हो । मैनाली यथार्थवादी कथाकार भएकाले उनले आफ्ना कथाको विषयलाई सामाजिक यथार्थवादी बनाउने प्रयास गरेका छन्। हाम्रो समाजमा यस्तो छ अनि यस्तो हुनुपर्छ भन्ने दर्शन उनका कथामा हुनाका साथै कथाको कथानकले आदिदेखि अन्त्यसम्म यथार्थपरक रुप लिएता पनि शुभद्रा जस्ती आदर्श नारीलाई प्रस्तुत गरेर मैनालीले यस कथालाई आदर्शोन्मुख यथार्थवादी बनाउने प्रयास गरेका छन् । तिनका आदर्शवादी व्यवहारहरु मा सन्तान नहुदा उनले भोग्नु परेको सामाजिक तथा मानसिक यातनाले स्वयम् आफ्नो जीवनमा सौता स्वीकार्दै लक्ष्मीलाई विवाह गर्न देवीरमणलाई प्रेरित गर्नुले आदर्शवादी व्यवहारको सन्देश दिएको छ। घरेलु समस्या तथासौता सौता विचको सामान्य ईर्ष्यालाई विषय बनाइ लेखिएको यस कथाले पतिपत्नीका विचको असन्तोस अल्प अस्थायी हुन्छ भन्ने निष्कर्षमा

पुग्न यसभित्र विविध घटनाहरु घटाएका छन् । कथाकारले ग्रामीण जीवनसँग सम्बन्धित भावहरुलाई ग्रामीण प्रकृतिका दृश्यावली, पात्र र घटनाद्वारा सजीव बनाउने जुन प्रयत्न गरेका छन् यसले नेपाली समाजको ग्रामीण जीवनशैली प्रकट हुनुका साथै कथानकले पूर्णतः यथार्थवादी रुप प्राप्त गरेको छ ।

अनुसन्धानात्मक लेखमा रस शब्दले पौरत्स्य साहित्य जगतमा चर्चामा रहेको रसलाई बुझाउँछ । सामान्यतया कुनै पनि साहित्यिक कृति पढेर वा त्यसको आसयलाई सुनेर आश्वाद्य गर्ने व्यक्तिको मनमा जगृत हुने आनन्द विशेष भाव अथवा सारलाई रस भनिन्छ । यसै रसका कारण भावकका मनमा एक किसिमको आनन्दलाई जगाउने गर्दछ । यही काव्यशास्त्रीय रसको सिद्धान्तलाई रस विधान भनिन्छ । रस पूर्वीय साहित्यको देन हो । रस सिद्धान्तको प्रतिपादन सर्वप्रथम आचार्य भरतमुनीले आफ्नो नाट्यशास्त्रमा गरेका हुन् । त्यसपछि संस्कृतका अन्य आचार्यहरु (जगन्नाथ, विश्वनाथ, अभिनव गुप्त, भट्टनायक) आदिका रसवादी मान्यतालाई अघि बढाएका हुन् । कुनैपनि कृतिमा विभाव अनुभाव सञ्चारी भाव र स्थायी भावको समिश्रणबाट रसको उत्पत्ति हुने गर्दछ । कृतिभित्र रस विधानको अध्ययन गर्दा कृतिमा के कस्ता रसको प्रयोग कसरी गरिएको छ भन्ने कुरा पत्ता लगाइन्छ । प्रस्तुत अध्ययनमा 'नासो' कथामा शृङ्गार, करुण र रौद्र रस प्रयोगको अवस्था कस्तो रहेको छ भन्ने विषयको अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेखलाई अध्ययन तथा विश्लेषणात्मक रुपमा प्रस्तुत गर्दै यससँग सम्बन्धित अन्य अनुसन्धानमुलक आलेखलाई द्वितीय स्रोतका सामग्रीका रुपमा प्रयोग गरिएको छ । कथाकारद्वारा लेखिएको नासो कथालाई प्राथमिक सामग्रीका रुपमा र पूर्वीय रस सिद्धान्त तथा सम्बन्धित पुस्तक वा लेख आदिलाई द्वितीय सामग्रका स्रोतका रुपमा लिइएको छ । अध्ययनमा पूर्वीय काव्य विश्लेषण पद्धतिको रस सिद्धान्तलाई आधार बनाइएको छ । यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी गुणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा कथाभित्रको रस विधानलाई 'पहिचान गरी रस सिद्धान्तका कोणबाट वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ ।

### रसको सैद्धान्तिक अवधारणा :

रस अर्थात् रसभाव संस्कृत साहित्य परम्पराको सबैभन्दा जेठो र मुख्य मान्यता हो । संस्कृत साहित्य समालोचनाका अन्य विधाहरुका तुलनामा यो अत्यन्त उर्वर एवम् चर्चित सिद्धान्त हो । यसको सर्वप्रथम औपचारिक रुपमा प्रयोग आचार्य भरतमुनिले आफ्नो कृति नाट्यशास्त्रमा गरेका हुन् । हुन त उनी पूर्व पनि रसका सम्बन्धमा केही चर्चा परिचर्चा नभएका होइनन् तापनि प्रमाणिक रुपमा यसको उल्लेख उनले आफ्नो नाट्यशास्त्रमा सर्वप्रथम गरेकाले भरतमुनिलाई नै रस सिद्धान्तका प्रर्वतक मानिन्छ ।

कुनै पनि पदार्थ वा वस्तुको आश्वाद्य वा ग्रहण गरिने गुणलाई सिधा अर्थमा रस भन्न सकिन्छ (श्रेष्ठ, २०६२, पृ.८९) । कुनै पनि साहित्यिक कृति पढेर, सुनेर वा महसुस गर्दा रस सामग्रीका माध्यमबाट व्यक्तिमा प्राप्त हुने आदन्द नै रस हो । अझ सरल भाषामा भन्ने हो भने कुनै पनि साहित्यिक कृति पढेर वा सुनेर व्यक्ति विशेषमा देखा पर्ने विशिष्ट आनन्दलाई नै रस भन्न सकिन्छ । साहित्कि कृतिको आनन्दलाई भावकले त्यसको साधारणीकरण गरेर मात्र त्यसको सार तत्व रसलाई ग्रहण गर्दछ । तसर्थ रसलाई पाठकले मानसिक पूर्णमा स्वीकार गरेको रागात्मका अनुभूति नै रस हो । यसरी पूवीय आचार्यहरुले रसलाई जुन रुपमा अर्थ्याएर त्यसको अलौकिकताको चर्चा गरेका छन् । ती वर्तमानका साहित्यिक कृतिका पनि लक्ष्य हुन् र रसानन्दका पनि कारक हुन् । रस भनेको आनन्ददायी आस्वाद्य पदार्थ हो । विभिन्न प्रकारका वस्तु वा औषधी, द्रव्य आदिको संयोजनबाट जसरी रस तयार हुन्छ ठीक त्यसरी नै साहित्यमा देखा पर्ने अभिनय आदि बाट मनलाई नै रोमाञ्चित गराउने आनन्द तथा आस्वाद्य जुन अनौठो प्रकारको वस्तु तयार हुन्छ त्यही रस हो (शर्मा,२०५८,पृ.१२३) । विभावानुभावव्यभिचारीभावसंयोगातरसनिष्पत्ति या रससिद्धिविषयको भरतको मूल सूत्रमा आलम्बन र उद्दीपन दुई किसिमका कारण र कार्य श्रेणिका स्तभ स्वेद आदि र अनुभाव, सहकारिश्रेणीका निर्वेदादी ३३ व्यभिचारी भावहरुको संयोजनबाट सुसुप्त रुपमा रहेका स्थायीभावहरु जागेर प्राप्त हुने आनन्दबाट रसको निष्पत्ति हुन्छ भन्ने यो मान्यता पौरत्स्य सहित्यमा जगतमा देखा परको पहिलो र प्रमुख सिद्धान्त हो ।

कथाकार गुरुप्रसाद मैनालीद्वार लिखिन 'नासो' कथामा रस विधानको अवस्थाको अध्ययन एक प्रमुख तथा प्रज्ञिक कार्य हो । नेपाली समालोचनाको क्षेत्रमा अहिलेसम्म यसको कृतिगत, शैलीगत तथा सामाजिक र भाषिक अध्ययन गरिएको पाइन्छ तर रस विधानको आधारमा भने अध्ययन तथा विश्लेषण भएको पाइन्न । यही शून्यताको पूर्णताका लागि यो अध्ययन गरिएको हो । कथाकार मैनालीको 'नासो' कथामा रस प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने प्रश्न नै यस अध्ययनको प्रमुख प्राज्ञिक समस्या हो भन्ने ठहर छ ।

कुनै पनि कृति पढेर, सुनेर वा हेरेर पाठक, श्रोता र दर्शकका मनमा उत्पन्न हुने परम आनन्द नै रस हो । जसरी भोज गर्नेले भोजनको आस्वादन गर्दछ, ठीक त्यसरी नै रचनाको अध्ययन गर्ने पाठकले कृतिको आनन्दको अनुभूति गदर्छ । यही आनन्दको अनुभूति गर्ने तत्व नै साहित्यमा रस हो । रस विनाको वस्तु होस् वा साहित्यक कृति त्यसको कुनै अर्थ हुदैन त्यसैले रस निष्पत्तिमा विभाव, अनुभाव, व्यभिचारी भाव र सञ्चारी भाव जस्ता उपकरणको संयोजन हुन अनिवार्य हुन्छ। यिनै उपकरण वा सामग्रीका माध्यमबाट रसको निष्पत्ति हुने भएकाले साहित्यमा यिनलाई रस निष्पत्तिका सामग्री भनिन्छ। कुनैपनि साहित्यिक कृतिमा विभिन्न रसको उपस्थिति गरिएको हुन्छ । रस विधान अर्न्तगत उक्त कृतिभित्र प्रयोग गरिएका रसहरुको अवस्था के कस्तो छ भन्ने कुराको अध्ययन यहाँ गरिएको छ । 'नासो' कथामा शृङ्गार रस, करुण र रौद्र रसको प्रयोगको अवस्था कस्तो रहेको छ भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ । यस कथामा शृङ्गार रस, करुण रस र रौद्र रसको मुख्य रुपमा रहेको छन् । 'नासो' कथामा शृडगार रस, करुण रस र रौद्र रस प्रयोगको अवस्था को विश्लेषण गरेको छ । प्रस्तुत अध्ययनमा 'नासो' कथामा रस विधान सम्बन्धी अवधारणाहरु लाई सामग्री विश्लेषणको सैद्धान्तिक आधारका रुपमा प्रयोग गरिएको छ ।

**अध्ययनको औचित्य**

गुरुप्रसाद मैनाली नेपाली साहित्यका प्रथम आधुनिक कथाकार हुन् । उनले एघारवटा कथाहरुको सङ्ग्रह 'नासो' सङ्ग्रहका माध्यमबाट नेपाली कथाका क्षेत्रमा आफ्नो विशिष्ट पहिचान कायम गरेका छन् । उनका महत्वपूर्ण कथाहरु मध्ये 'नासो' पनि एक हो । यस कथाको सामाजिक सांस्कृतिक अध्ययन, विधातात्विक आधारमा केही गरिएको भएपनि रस विधानमा केन्द्रित भइ अध्ययन नभएको परिप्रेक्ष्यमा उक्त कथाको रस विधान बारे समष्टिगत अध्ययन र विश्लेषण गरिने हुनाले प्रस्तुत अध्ययनको प्राज्ञिक अनुसन्धानात्मक औचित्य छ । त्यसैले यस अध्ययनबाट 'नासो' कथामा रस विधान सम्बन्धी अध्ययन गर्न चाहने जिज्ञासु पाठक र अध्येताहरु लाभान्वित हुने भएकाले पुस्तकालयीय अध्ययनको विकासमा यस अनुसन्धाननत्मक लेखनले महत्वपूर्ण भूमिका वहन गर्ने कुरा स्वतः सिद्ध हुन्छ । यस अनुसन्धानात्मक लेखमा रस विधानको विश्लेषणात्मक ढाँचालाई प्राज्ञिक अध्ययनबाट तयार गरिने भएकाले यसले भविष्यमा प्रस्तुत विषयका अध्येतालाई कथा साहित्यका अतिरिक्त अन्य साहित्यका क्षेत्रमा चित्रित रस विधानका दृष्टिले अन्वेषण र मूल्याङ्कनका लागि मार्ग निर्देशन गर्ने छ । तसर्थ 'नासो' कथामा रस विधानको विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ ।

## रस विधानका आधारमा 'नासो' कथाको विश्लेषण

'नासो' कथा कथाकार गुरुप्रसाद मैनालीले सर्वप्रथम शारदा पत्रिकामा वि.सं. १०९२ मा र संग्रहको रुपमा भने 'नासो' कथा सङ्ग्रह (२०२०) मा राखिएको सामाजिक यथार्थवादी कथा हो । उनी साामजिक यथार्थवादी कथाकार भएकाले उनको कथाको विषय स्रोत नेपाली सामाज रहेको हुन्छ । उनले आफ्ना कथामा सामाजिकता भित्र यथार्थलाई संयोजन गरेको पाइन्छ । कथामा प्रयोग गरेको घटनाहरु अति वास्तविक छन् । यथार्थवादी आख्यानकारलाई ठूलो विषय चाहिदैन भन्ने सत्य सौतेली अति सानो ईर्श्यालाई विषय बनाएबाट थाहा हुन्छ । सौतेली ईर्ष्या र लोग्ने स्वास्नीको झगडा अस्थिर र क्षणिक हुन्छ नै भन्ने छैन तर नेपाली समाजको तत्कालीन अवस्था र सामाजिक मानसिकताका आधारमा हेर्ने हो भने यो कथन प्रायः सत्य भएको देखिन्छ । यद्यपी सौतेली ईर्ष्याले लामो रुप लिए पारिवारिक विखण्डन र विघटन निम्त्याउने हुँदा उनीहरु वीच गरिएको ठूलो झगडामा कुनै न कुनै बहाना ल्याएर आफ्नो गल्ती र कमजोरीलाई स्वीकार्ने भएकाले झगडा सामान्य झै रहने गर्छ । यो सन्दर्भ आज पनि ग्रामीण परिवेशका सन्दर्भमा उतिनै प्रभावकारी छ जति देवीरमण, शुभद्रा र लक्ष्मी बिच रहेको छ । मैनालीले कथाका माध्यमबाट पारिवारिक व्यवस्थापनका लागि पारिवारिक सदस्यहरु सानातिना झगडामा नलागि आपसी मेलमिलापलाई अपरिहार्य ठान्दै एक सुन्दर परिवारको निर्माणकालागि पारिवारिक सदस्यहरु बिच सानातिना मनमुटाव वैरमनस्यता भएपनि अन्तमा समग्र पारिवारिक हितको लागि मिल्नुपर्ने सन्देश उनले दिएका छन् । यस कथाका माध्यमबाट कथाकार मैनालीले नेपाली ग्रमीण समाजको यथार्थलाई चित्रण गर्दै सुखी परिवारको निर्माणमा पारिवारिक सदस्यहरु विच आपसी मेलमेलाप आवश्यक हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

पूर्वीय साहित्यिक मान्यताका प्रमुख सिद्धान्तहरु मध्ये रस सिद्धान्त एक प्रमुख सिद्धान्त हो । यस सिद्धान्तलाई ई.पू पहिलो शताब्दीका आचार्य भरतमुनीले नाट्यशास्त्रको विवेचना गर्ने क्रममा प्रतिपादन गरेका हुन् । भरतमुनी पछिका अन्य थुप्रै आचार्यहरुले यस सिद्धान्तलाई विकसित गर्ने काम गरेका छन् । साहित्यको अध्ययन श्रवण र अवलोकनबाट जुन कुराको आस्वादन र आन्नदानुभूति हुन्छ त्यो नै रस हो । पूर्वीय साहित्यको सबैभन्दा जेठो विधाका रुपमा यो स्थापित देखिन्छ । विभाव, अनुभाव, व्याभिचारी र सञ्चारी भावद्वारा अभिव्यक्त सहृदयका मनमा रति आदि स्थाथी भाव रसका स्वरुपमा परिणित हुन्छन् । (विश्वनाथ ३.१) पूर्वीय साहित्यमा रसका बारेमा अभिनव गुप्त र जगन्नाथ जस्ता आचार्यहरुले समेत विशेष चर्चा गरेका छन्

। तसर्थ समग्रमा भन्नुपर्दा दर्शक, पाठक, श्रोताको मनमा वासनाका रुपमा र संस्कारका रुपमा सुषुप्त अवस्थामा रहेको भावलाई विभाव, अनुभाव र व्यभिचारी भावहरुको संयोगबाट परिपुष्ट गराउने तत्व नै रस हो ।

**रसका उपकरण तथा सामग्रीहरू :**

साहित्यमा रस उत्पन्न गर्नका लागि प्रमुख भूमिका खेल्ने सामग्रीहरुलाई रस निष्पत्तिका उपकरण भनिन्छ । यस सूत्रका प्रथम ब्याख्याता संस्कृत सहित्यका आचार्य भरतमुनी हुन् । उनले *विभावानुभावव्यभिचारीभाव संयोगात रस निष्पत्ति* भन्दै रस सूत्रको व्याख्या गरेका छन् । कुनै पनि साहित्यिक कृतिमा रस उत्पन्न गर्नका लागि कारकको भूमिका खेल्ने त्तत्वलाई रस सामग्री भनिन्छ । 'नासो' कथामा रहेका रसका उपकरणहरुलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

**विभाव :**

विभावको व्युत्पत्तिगत अर्थ हो भावनालाई प्रस्फुटित पार्नु लोकमा जो रति आदिका उद्वोधक छन् ती साहित्य कृति विभाव मानिन्छन् (शर्मा,२०६०, पृ ३) । सहृदयका मनमा वासना वा संस्कारका स्पमा रहेका रति, हाँसो, शोक, कोध, उत्साह, भय, जुगुत्सा, विष्मय, निर्वेद जस्ता स्थायी भावलाई साहित्यमा जगाएर रसका रुपमा परिणत गर्ने कारक त्तत्वलाई विभाव भनिन्छ । मानिसमा रहेका वाचिक, कायिक र सात्विक अभिनयका माध्यमले चितवृतिको भावन गर्ने वा ज्ञापन गराउने कारक तत्वलाई विभाव भनिन्छ । विभावलाई पनि दुई भागमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ ।

**आलम्बन विभाव :**

काव्यवस्तुका मूलआधार अर्थात् नायक-नायिका, नरनारी, चिजवस्तु तथा विषय घटना जस्ता विषयवस्तुलाई आलम्बन विभाव भनिन्छ । कुनै सुन्दर युवतीलाई देखेर युवकको मनमा र रति भावको अङ्कुरण हुन्छ भने त्यही युवती अलम्बन हुन्छे युवकलाई देखेर युवतीको मनमा रति उत्पन्न हुन्छ भने युवक आलम्बन हो । आलम्वनको अर्थ आश्रय हो । जुन पात्र वा वस्तुका कारण सहृदयको मनमा रहेको वासना वा संस्कारका रुपमा रहने स्थायी भाव रसको रुपमा व्यक्त हुन्छ । त्यसैलाई आलम्बन विभाव भनिन्छ । 'नासो' कथामा रहेका शुभद्रा र लक्ष्मी एक अर्काका आलम्बन विभाव हुन् । यसलाई पनि दुई भागमा बाड्न सकिन्छ ।

**विषयालम्वन :**

जसलाई लक्ष्य गरेर वा जसको चरित्र वर्णन गरेर स्थायी भाव उत्पन्न हुन् छ । त्यसलाई विषयालम्वन विभाव भनिन्छ । 'नासो' कथाका शुभद्रा र लक्ष्मी एक अर्काका लागि विषयालम्बन हुन् । आश्रयालम्बन साहित्यिक कृति पढेर ,सुनेर वा हेरेर जुन व्यक्तिमा स्थायी भाव उत्पन्न हुन्छ त्यसलाई आश्रयालम्बन विभाव भनिन्छ । 'नासो' कथा पढने पाठक, दर्शक, स्रोता आदि कथा पढेर जुन ब्यक्तिमा रस भाव उत्पन्न हुन्छ तिनै सामग्रहरु नै आश्रयालम्बन हुन् । उक्त कथा पढेर आनन्द लिने पाठक वा दर्शक,स्रोता सबै रसका आश्रयालम्बन हुन् ।

**उद्दीपन विभाव :**

आलम्वन विभाव र विषयावम्वन विभावद्वारा जागृत भएका भावहरुलाई उकास्ने वा उद्दीप्त गराउने कारण वा सामग्रीलाई उद्दीपन विभाव भनिन्छ । यस्ता सामग्रीहरुले कृतिको रसलाई आस्वाद अवस्थामा पुर्याउन महत्वपूर्ण कार्य गर्दछन् । उत्पादित रसलाई उद्दीप्त पार्ने सामग्रीलाई नै उद्दीपन विभाव भनिन्छ । यिनले जुन वस्तु वा दृश्य, परिवेश देखेर व्यक्तिका मनमा वासना वा संस्कारका रुपमा रहेका भावहरुलाई जगाउने वा उद्दीप्त पार्ने काम गर्दछन् (शर्मा, २०६०, पृ.४) । त्यसैले यस्ता सामग्रीहरुलाई उद्दीपन विभाव भनिन्छ । 'नासो' कथामा आएका शुभद्रा र लाक्ष्मीको बोली र छोरो शुशिलले आफ्नी आमालाई आमा नभन्नु, काखा आउभन्दा लक्ष्मीको काखमा नआएर शुभद्राको काखमा जानु, तीर्थ जानलाग्दा देवीरमणले शुभद्रालाई नसोधी लक्ष्मीलाई लैजानु आदि कथामा उद्दीपन विभाव भएर आएका छन् ।

**अनुभाव :**

मनोगत भावहरुलाई व्यक्त गर्ने शारिरिक चेष्टालाई अनुभाव भनिन्छ । विभावबाट उत्पन्न स्थायी भाव उद्दिप्त भएपछि देखापर्ने शारिरिक र मानसिक विकार वा किया प्रतिकियालाई अनुभाव भनिन्छ । स्थायी भावको अनुभव देखाउने हुनाले नै यिनलाई अनुभाव भनिएको हो । 'नासो' कथामा शुभद्रा र लक्ष्मीका बिच देखा परेको सौतेली ईर्ष्याबाट रिसाएर घर र आफ्नो प्यारी छोरा छोडेर हिड्नुलाई आदि जस्ता किया प्रतिकिया अनुभाव हुन् ।

**व्यभिचारी वा सञ्चारी भाव :**

सञ्चारी भाव वा व्यभिचारी भाव भनेका सञ्चरण भइरहने भाव हुन् । सञ्चारी वा व्यभिचारी भावहरु मानव हृदयमा पानीका फोहरा झै उठदै हराउदै गर्ने प्रकृतिका हुन्छन् । यी सञ्चारी भावहरु स्थायी भावको पुष्टीका लागि आउँछन् । यी रसका सहकारी त्तत्व हुन् । स्थायी भावका सहचारी भएर देखापर्ने अस्थिर भावलाई व्यभिचारी भाव भनिन्छ । छिन छिनमा परिवर्तन

भइरहने भएकाले यी भावहरुलाई सञ्चारी भाव पनि भनिन्छ । यस कथामा आएका आवेग, दैन्य, स्मृति, चिन्ता, उग्रता, हर्ष, उत्सुकता आदि सन्चारी भाव हुन् । शुभद्रा आवेगमा आउनु , शुभद्रा घर छोडेर गइसकेपछि उसैको स्मृतिमां यता शुशिललाई र घरको याद आइरहनु र चिन्तामा समेत पर्नु, शुशिललाई भेटने उत्सुकता भैरहनु र भेट हुदा दुवै धेरै हर्षित हुनु आदि सञ्चारी भाव हुन् ।

**'नासो' कथाामा रस प्रयोगको अवस्था :**

रसका सम्बन्धमा पौरस्त्य साहित्यमा संस्कृतका आचार्यहरु बिच एकमत देखिदैन । सर्वप्रथम भरतले आफ्नो नाट्यशस्त्रमा मुख्यतः श्रृङ्गार, वीर, रौद्र र विभत्स रस गरी चार प्रकारका रस व्यक्त गरेको पाइन्छ । त्यसपछि अन्य आचार्यहरुले यिनै चार रसलाई आधार मानेर हाँस्य, करुण, अद्भूत र भयानक जस्ता सहायक रसहरु थप गरी आठ ओटा पुर्‍याएको पाइन्छ । त्यसैगरी नाटकलाई नै आधार मानेर आनन्दवर्द्धनले रसका नौ प्रकार बताएका छन् । जसमा शृङगार, वीर, रौद्र, विभत्स, हाँस्य, करुण, अदभूत, भयानक र शान्त रस पर्दछन् । 'नासो' कथामा यिनै नौ रसहरु मध्ये करुण रस र रौद्र रसको प्रयोग मुख्य रुपमा चर्चा गरिएको छ । यिनै रस प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने कुराको अध्ययन विश्लेषण यहाँ गरिन्छ ।

**'नासो' कथामा करूण रस :**

शोक स्थायीभाव पूर्ण रुपमा व्यक्त भएको अवस्था करुण रस हो । इष्ट नाश वा अनिष्ट प्राप्तिबाट करुण रस आविर्भाव हुन्छ । यसको वर्ण कपोत र देवता मानिन्छन् र यसको स्थायीभाव शोक हो । विनष्ट आत्मीयजन, बन्धुबान्धव वा विछोड भएका आत्मजन आदि आलम्वन विभाव हुन् । उनलाई सम्झाउने क्रियाकलाव वा चिज विजहरु उद्दीपन विभाव हुन् । दैवनिन्दा, उच्छ्वास, निश्वास, छटपटि आदि अनुभाव हुन् । ग्लानि, स्मृति विषाद, जडता, चिन्ता, व्याधि आदि व्यभिचारीभाव हुन् । यस सिद्धान्त अनुसार करुण रसका उदाहरणहरु गुरुप्रसाद मैनालीको नासो कथामा निम्न प्रकार रहेका छन् ।

निसन्तान भए स्वर्गमा जाने बाटोमा तल्वा लाग्छ अनि कोही कतै हिड्न लाग्दा निसन्तानको मुख देखे साइत बिग्रीन्छ भन्ने समाजले आक्रान्त बनेकी शुभद्राले देवीरमणलाई लक्ष्मी विवाह गर्न लगाउछे तर उसले सोचे जस्तो हुदैन र सौतेली समस्यामा पर्छे । एकातिर शुशिल छोरा प्रतिको मोह र अर्कातिर दिनरात सौतेली कलहको मानसिक द्वन्द्वमा परेर ऊ रातको समयमा घर र देवीरमणलाई छोडेर हिडने घटनाले पाठकमा करुण रसको भाव जागृत गराउँछ । त्यसैगरी बालाचतुर्दशीका दिन सतबिउ छर्न गएकी नौलीको पशुपतीमा भेट हुँदा शुभद्राबाट सोधिएको प्रश्नको जबाफमा नौलीबाट व्यक्त गरिएको सन्दर्भ पनि कम्ति मार्मिक छैनन् । दादुरा भएको छोरो आमा आमा भनेर राई रहन्छ, दुलही लक्ष्मी सञ्चो नहुने बिमारले दिन गन्दै हुनुहुन्छ, देवीरमण सकी नसकी घरको काम गर्दै एकोरियको देख्छु एकदिन त कौसीमा बसेर आँशु झारेको समेत देखेथें । त्यस्तै गाईबस्तुहरु भोकभोकै कराई रहेका छन् दिदी … यी घटनाक्रमले पाठक करुण रस जागृत गराउन सफल भएको पाइन्छ ।
दिन प्रतिदिनको गृहकलहले सुभद्राको कोमल हृदय कुसुम एकदम ओइलायो । उनी कारागारको दुःखी बन्दी झैं भाग्ने मौका खाज्न लागिन । पृ. ३ ।

कहिले बाजे आफैं पकाउनुहुन्छ, कहिले चमेना खाएर सुत्नुहुन्छ । एकदिन बार्दलीमा बसेर एक्लै रोइरहनु भएको रहेछ आफैले चिनेको चौतारो पापिनीले आफै भत्काएर गई भन्नुहुन्थ्यो । केके भनूँ बजै बस्तुमाउका हाडछाला मात्र छन् । खेतीबारी अधियामा दिएको छ । आसामीबाट एक पैसा उठ्दैन, नोकर चाकर चार दिन टिक्दैनन्, सबै भताभुङ्ग छ । पृ.४ ।
… मैले साह्रै बेबुकको काम गरे । जोरीपारीले के भन्दा हुन् ? आफ्नो त्यत्रो दौलत छोडेर यहाँ एक छाक खाएर बसेकी छु । त्यसका जिउमा केही भइदियो भने चिचिलो बालकको के गति होला ? पितृले के भन्लान् ? चित्त दुखाएर पनि आमाले दुखाई, त्यो बालकले के बिरायो ? अघि एक दुई छाक भात पकाउन दिक्क मान्नुहुन्थ्यो । आजकल कसरी पकाउनु हुँदोहो ? आदि मनोभावनाले सुभद्राको मन छियाछिया भयो आँसु झार्दै भनिन नौली यस्ता बेलामा तैले पनि छाडेर आइछेस् । पृ.५ ।

नौलीको स्वर सुनेर लक्ष्मीले आँखा उघारिन, सुभद्रालाई आफ्नो सिरानमा बसेको देखेर सुस्तरी लर्बरायको स्वरले भनिन् "दिदी, तपाईको दर्शनलाई एक मुठी सास मुस्किलले रोकिएको छ ।" पृ. ७ ।
कथाको अन्त्यमा घर फर्किदा देखिएको घरको वातावरण पनि कम्ति मार्मिक छैन । छोरो शुशिललाई नासोको रुपमा लक्ष्मीले जिम्मा लाएपछि छातीमा टाँसेर रोएको घटना अनि लक्ष्मीले अन्तिम पटक आँखा चिम्लेको प्रसंग र शुभद्रा, देवीरमण रोहेको घटनाक्रमले व्यक्ति सबैमा कारुणिकता जागृत गराउँछ ।

माथिको कथांशमा पशुपतिमा भेटिएकी नौली र सुभद्रा तथा सुभद्राद्वारा सोध्ने क्रममा नौलीद्वारा भनिएका केही अंशहरु आलाम्वन विभाव हुन् । त्यस्तै घर परिवारलाई सम्झाउने कुराहरु स्वयं नौली यस कथामा उद्दीपन विभाव हुन भने सुभद्राको आँशु, घर छिट्टै पुगेर छोरो र देवीरमणलाई भेट्ने व्यग्रता, घर पुगेर रुनु, छोरा शुशिललाई छातीमा टाँस्नु जस्ता प्रसंगहरु यस

कथाका अनुभाव हुन् । लक्ष्मीको मरणपछि हृदयमा उत्पन्न पीडा, छटपटी आदि सञ्चारी भावहरु हुदै शोक स्थायी भाव जागृत भएकाले यहाँ करुण रस उत्पन्न भएको छ ।

**'नासो'कथामा रौद्र रस :**

काव्य र नाट्यगत रसहरूमा रौद्र रस महत्वपूर्ण मानिन्छ । वादी प्रतिवादी वा विरोधी पक्षका पात्रहरु र तिनीद्वारा गरिएको अनिष्ट कार्यका कारण रौद्र रस उत्पन्न हुन्छ । आचार्य भरतमुनिले 'नाट्यशास्त्र'मा शृङगार, रौद्र, वीर तथा बीभत्स यी चार रस प्रधान मानेका छन् । यी रसहरूद्वारा नै अन्य रसको उत्पत्ति हुन्छ भनेका छन् । रौद्र रसबाट करूण रसको उत्पत्ति हुन्छ भन्ने उनको मान्यता छ : "रौद्रस्यैव च यत्कर्म स ज्ञेय करुणो रस :" अर्थात रौद्ररस बाट करुण रसको उत्पत्ति हुन्छ । रौद्र रसको स्थायी भाव क्रोध हो भने यसको वर्ण रक्त र देवता रुद्र हुन् । क्रुद्धावस्थामा मानिसको आकृति क्षोभका वा कठोर रिसका कारणले रातोपिरो हुन्छ । वास्तवमा विरोधी समूहद्वारा जिस्कयाइने कार्य, अपमान, अपकार, गुरुजन निन्दा, देश र धर्मको अपमान आदिबाट प्रतिशोधको भावना जागृत हुँदा रौद्र रस उत्पन्न हुन्छ । पण्डितराज जगन्नाथका अनुसार क्रोध शत्रु विनाश आदिको कारण बनेर आउँछ । प्रसिद्ध मनोवैज्ञानिक मेकडुगलले क्रोधलाई युयुत्साको मूल प्रवृत्ति मानेका छन् । आत्मीयजनको अपमान, गुरुजन आदिको निन्दा आदिबाट उत्पन्न हुने क्रोध भावको अतिशयताबाट आस्वाद्य बन्ने रस रौद्र हो । भरतका अनुसार यो युद्धका कारणबाट उत्पन्न हुन्छ र यसको आश्रय राक्षस दानव उद्धृत प्रकृतिको मानव आदि हुने गर्दछ । धनञ्जका अनुसार ईर्श्या वा शत्रुले गरेको अपकार जस्ता विभावबाट उत्पन्न क्रोध स्थायी भावको परिपोष नै रौद्र रस हो । 'नासो' कथामा रौद्र रसको प्रयोग यसरी गरिएको पाइन्छ ।

तीर्थव्रत गर्न मलाई लैजानु पर्दथ्यो मेरो को छ र, छोरा न छोरी ! उसको उमेर थियो, जाँदै गर्दी हो । ऊ छोरो पाएकी स्वास्नी भई, वचन हार्न सक्नु भएन । म टेक्ने समाउने कही जभएकी अनाथ, मेरो के को खोजी थियो ! पृ.३६ ।

छोड्नु परे छोडी दिउला, कुनै दौलतको चयन गरेकी छु र ? एक पेट खस्रो मसिनो खाएर दिनरातको बुहार्तन सहेकी छु । जुठो चुल्हो गरिदिए जसले पनि एक गाँस खान दिन्छ । पृ.४ ।

सौता भनेको मुटुको बह हो, आजै आच्छान छोड्नु पर्यो । भोलि घरै छाड्नु पर्छ कि, के जानिसक्नु छ र ? पृ. १५ ।

माथिको पहिलो कथांशमा लक्ष्मी प्रति सुभद्राको क्रोध भाव उत्पन्न भएकाले लक्ष्मी आलम्वन विभाव हो । सुभद्राको क्रोध भाव चेष्टा र क्रोधपूर्ण वाणी (छोरो पाएकी स्वास्नी भई, जुठो चुल्हो गरिदिए जसले पनि एक गाँस खान दिन्छ, सौता भनेको मुटुको बह हो, आजै आच्छान छोड्नु पर्यो ) आदि उद्दीपन विभाव ,आँखा रात गर्नु, नौलीलाई अनेक भन्नु, रुनु , आदि अनुभाव हुन् । तत्पश्यात सम्वोधक भावकका ह्दयमा उत्पन्न उग्रता आक्रोश आदि सञ्चारी भावहरु हुदै क्रोध स्थायी भाव जागृत भएकाले यहाँ रौद्र रस उत्पन्न भएको छ ।

## निष्कर्ष

गुरुप्रसाद मैनालीद्वारा लिखित 'नासो' सामाजिक यथार्थवादी कथा हो । नेपाली साहित्यमा प्रथम आधुनिक कथाकारका रुपमा परिचित मैनालीका नासो कथासंग्रह भित्रका एघारवटै कथाहरु नितान्त सामाजिक र मौलिक छन् । यस नासो कथामा शोक र क्रोध स्थायी भावद्वारा करुण र रौद्र रस प्रमुख रसका रुपमा प्रकट भएका छन् । कथामा सुभद्रा र लक्ष्मीका बीच मनमुटाव हुँदा लक्ष्मीले सुभद्रा प्रति नराम्रो व्यवहार देखाएपछि सुभद्रा रिसाएर घर छोडी जादा माइत जाँदा करुण रस उत्पन्न भएको छ भने सुभद्रा र लक्ष्मी बीच झगडा हुँदा क्रोध स्थायी भावका कारण रौद्र रस समेत प्रकट भएको छ । यस कथामा सुभद्रा, लक्ष्मी, नौली र देवीरमण विभावका रुपमा आएका छन भने यी सबै आलम्बनले भोगेको जीवनको चित्रणले शोक र क्रोध स्थायी भावलाई पुष्टि गरेको छ । कथामा दवीरमण घर र पशुपतिनाथको क्षेत्र घटना घट्ने स्थानका रुपमा आएका छन । देवीरमणको घर र पशुपतिनाथका सम्पूर्ण परिवेश उद्दीपन विभावका रुपमा देखिन्छन । सुभद्राको आँशु, घर छिट्टै पुगेर छोरो र देवीरमणलाई भेट्ने व्यग्रता, घर पुगेर रुनु, छोरा शुशिललाई छातीमा टाँस्नु जस्ता प्रसंगहरु यस कथाका अनुभाव हुन् । लक्ष्मीको मरणपछि हृदयमा उत्पन्न पीडा, छटपटी आदि सञ्चारी भावहरु हुदै शोक स्थायी भाव जागृत भएकाले यहाँ करुण रस उत्पन्न भएको छ । कथाकार मैनालीले यस कथाका माध्यमबाट नेपाली समाजको वास्तविकतालाई देखाउन खोजेका छन् । करुण रस र रौद्र रसको उपयुक्त संयोजन, सरल भाषाशैली, सामाजिक यथार्थवादी घटना तथा कथाभित्रका सबै घटनाहरुको उपयुक्त विन्यास आदिका कारण कथाले नयाँ स्वरुप प्राप्त गरेको छ । कथाकारले भरतमुनीले प्रतिपादन गरेका चार मुख्य रस मध्ये करुण र रौद्र प्रधान रसका रुपमा प्रयोग गरिएको यस कथामा करुण र रौद्र रस नै प्रमुख बन्न पुगेको निष्कर्ष निकालिएको छ । कथामा विभाव अनुभाव र व्यभिचारी भावबाट परिपुष्ट बनेको शोक र क्रोध स्थायी भाव हुँदै करुण र रौद्र रस अभिव्यक्त भएको छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५०). *पूर्वीय समालोचना सिद्धान्त.* पाँ.संस्क.. साझा प्रकाशन ।

आनन्दवर्धन (सन् २०१३).(टीकाकार विश्वेश्वर). *ध्वन्यालोक.* .ते.संस्क.. ज्ञानमण्डल लिमिटेड ।

ओझा ,रामनाथ(२०७६). *नेपाली कथा र उपन्यास.* काठमाडौ.:करुधरा पब्किेसन प्रा ली ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य सिद्धान्त.*काठमाडौं : साझा प्रकाशन ।

गड्तौला, नारायण (२०७१). *रस र ध्वनि सिद्धान्त.*काठमाडौं : प्रगति पुस्तक भण्डार ।

मैनाली, गुरुप्रसाद (२०२०). *नासो* कथा सग्रह.काठमाडौं : साझा प्रकाशन ।

शर्मा, ऋषिराम (२०६०). *नेपाली रस परिचय.*काठमाडौं : जुगल पब्लिकेशन ।

श्रेष्ठ , ईश्वरकुमार २०६२). *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुख मान्यता,वाद र प्रणाली* .काठमाडौं : साझा प्रकाशन ।

शर्मा, सोमनाथ (२०५८). *साहित्य प्रदीप.काठमाडौं* : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.*काठमाडौं : ओरिएन्टल पब्लिकेशन हाउस ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* दास्रो संस्क.विद्यार्थी पुस्तक भण्डार ।